भोटेकोशी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## ढुङ्गा, गीट्टी, बालुवा, पत्रे ढुङ्गा तथा जडिबुटी संकलन सम्बन्धी शीलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : ०७७/०५/१०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ तथा भोटेकोशी गाउँपालिकाको आर्थिक ऐन, २०७७ मा भएको व्यवस्था अनुसार भोटेकोशी गाउँपालिकाको आ.व. २०७७/०७८ को ठेक्का वन्दोवस्त भएको मिति देखि २०७८ जेठ मसान्त सम्म आन्तरिक आय संकलन गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७७ मा तोकिएको दररेट बमोजिम राजश्व संकलनको ठेक्का लिने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील :

| क.स | आय ठेक्का नं. | ठेक्काको विवरण दररेट | दररेट | न्युनतम ठेक्का अंक | बोलपत्र फाराम दस्तुर | धरौटी रकम | शीलबन्दी दरभाउ पत्र खरी तथा दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | यस गाउँपालिका भित्र उत्खनन (भोटेकोशी नदि बाहेक) भई बिक्रि निकासी हुने गिट्टी तथा वालुवामा लाग्ने शुल्क कर संकलन गर्ने | आ.व. ०७७ ०७८ संकलन को प्रति घनफिट रु. ९ (नौ) तर गा.पा. भित्र खपत हुने भुकम्प पिडितको हकमा निशुल्क हुनेछ । | रु. ५,५९,३५०।– (पाँच लाख उनन्साठ्ठी हजार तीन सय पचास) मु.अ. कर सहित | रु १००० (एक हजार) | २८,०००। | मिति- २०७७।०५।२४ गते कार्यालय समय भित्र खरीद गर्ने तथा मिति २०७७।०५।२५ गते १२:०० बजे सम्म दाखिला गरी सक्नु पर्ने छ। उक्त शीलबन्दी दरभाउपत्र मिति २०७७।०५।२५ गते दिनको २: ०० बजे खोलिनेछ। |
| २ | ०२/०७७/०७८ | पत्रे ढुङ्गा स्वीकृत (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति वर्गफिट रु ९ (नौ) | रु. १,५२,५५०।– (एक लाख बाउन्न हजार पाँच सय पचास ) मु.अ. कर सहित | रु १००० (एक हजार) | ७,८००।– (सात हजार आठ सय मात्र) | |
| ३ | ०३/०७७/०७८ | जडिबुटी संकलन तथा निकासी (नेपाल सरकारबाट प्रतिबन्दित जडिबुटी बाहेक) | प्रति के.जी रु ५ (पाँच) | १,१३,०००।– (एक लाख तेह हजार) | रु १००० (एक हजार) | ५,६५०।– (पाँच हजार छ सय पचास मात्र) | |

ठेक्का सम्बन्धी शर्तहरु :

१. ठेक्का लिन इच्छुक व्यक्ति वा फर्म वा कम्पनीले माथि उल्लेखित न्युनतम अंकमा नघट्ने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिनको कार्यालय समय भित्र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाण पत्रका प्रमाणित प्रतिलिपि सहित रितपुर्वक निवेदन दिई शीलबन्दी दरभाउपत्र फारम (रकम फिर्ता नहुने गरि) यस कार्यालयबाट खरीद गर्न सकिनेछ।

२. खरीद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षरमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयको योजना शाखामा शीलबन्दी दरभाउ पत्र दर्ता गराउनु पर्ने छ। दर्ता भएका दरभाउ पत्रहरु सोही दिन दिनको २:०० बजे

प्रशासकीय अधिकृत

उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाताहरु वा तिनका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शीलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ साथै फारम खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. शीलबन्दी दरभाउपत्र फाराम साथ जमानत वापतको रकम (कबोल अङ्कको ५% ले हुन आउने रकम) यस गाउँपालिका कार्यालयको नेपाल बैंक लि. चौतारा शाखामा रहेको धरौटी खाता नं. ०५७०३०००००३००००००००२ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नगदै रकम शीलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ। साथै शीलबन्दी दरभाउ पत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ।

४. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको शीलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रीत नपुगेका र म्याद नाघि आएका शीलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

५. शीलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३०% ले हुन आउने रकम यस कार्यालयमा जम्मा गरेको सक्कल बैंक भौचर र ठेक्का अंकको बुझाउन बाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले बढिमा ३ महिना भित्र गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन कानुन बमोजिम फिर्ता गरिनेछ।

६. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने रकम मु.अ. कर, अग्रिम कर, आय कर लगायतका सम्पुर्ण करहरु ठेकदार स्वयमले आफ्नो तर्फबाट बुझाउनु पर्नेछ। तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन।

७. प्रचलित ऐन वमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत रकम सम्म छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनको लागि भने छुट दिइने छैन।

८. ठेक्का अवधि भोटकोशी गाउँपालिकासँग ठेक्का सम्झौता भएको मिति देखि २०७८ साल जेठ मसान्त सम्म रहनेछ।

९. शीलबन्दी दरभाउपत्र सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त शीलबन्दी दरभाउपत्र फारामसाथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछन ।

प्रमुख प्रशासकीय अधिकृत